## निर्वाचन आयोगको
## सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दुई सदस्यीय निर्वाचनक्षेत्र चितवनबाट निर्वाचित राष्ट्रिय पञ्चायतको सदस्यमध्ये रिक्त सदस्य पद एक पूर्ति गर्न उप-निर्वाचन हुने भएकोले सो निर्वाचनको लागि निर्वाचन आयोगले चितवन जिल्लाका जि. न्या. श्री रामजीप्रसाद त्रिपाठीलाई निर्वाचन अधिकृत नियुक्त गरेको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

## निर्वाचन आयोगको
## सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उपदफा (३) को प्रयोजनको लागि दुई सदस्यीय निर्वाचनक्षेत्र चितवनबाट निर्वाचित राष्ट्रिय पञ्चायत सदस्यमध्ये रिक्त सदस्य पद एक पूर्ति गर्नको लागि निर्वाचन आयोगले मतदान गर्ने स्थान तोक्न चितवन जिल्ला निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत श्री रामजीप्रसाद त्रिपाठीलाई अधिकार प्रत्यायोजन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।